३५

# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३२) काठमाडौं, कात्तिक २२गते २०३९साल (अतिरिक्ताङ्क ३५+ (क)

श्री ५ को सरकार

### अर्थ मन्त्रालयको

### सूचना

नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ (संशोधनसहित) को दफा १८ (१) अनुसार नेपाल राष्ट्र बैङ्कले निम्नबमोजिमको ढाँचा तथा आकार प्रकारको रु. २०।– (बीस) दरको नेपाली नोट निष्काशन गरी आजैका मितिदेखि चलन चल्तीमा ल्याउन नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ (संशोधनसहित) को दफा १८ को उपदफा (५) र (६) बमोजिम श्री ५ को सरकारबाट स्वीकृति दिइएकोले सर्वसाधारणको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ।

नोटको दर : रूपैयाँ बीस।

नोटको आकार प्रकार निम्नबमोजिम छः–

१. नोटको लम्बाइ– १३८ मी. मी.

२. नोटको चौडाइ– ७० मी. मी.

३. नोटको छपाइ–

(क) अगाडिपट्टि– सिंगल कलर इन्टाग्लीयो, रेनबोड लिथोग्राफिक अफसेट, लेटर प्रेस।

(ख) पछाडिपट्टि रेनबोड लिथोग्राफिक अफसेट, अनरेनबोड लिथोग्राफिक अफसेट।

३५४

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. कागज– शत प्रतिशत– न्याग फाइवर
५. मुख्य रङ्ग– गाढा सुन्तला रङ्ग
६. सुरक्षणको लागि कागजभित्र धातुको धागो राखिएको छ।
७. नोटको अगाडिपट्टि–

(क) नोटको बायाँपट्टि श्री ५ महराजाधिराज सरकार दाहिनेतर्फ नजर होइबक्सेको राजकीय पोशाकसहित श्रीपेच पहिरिबक्सेको आवक्ष चित्र अङ्कित छ।

(ख) नोटको मध्य भागमा फिक्का इन्द्र धनुष रङ्गको पृष्ठभूमिमा कृष्ण-मन्दिर पाटनको चित्र अङ्कित छ।

(ग) नोटको दायाँ भागमा नेपाली अलङ्कारको फ्रेमभित्र श्रीपेचको पानी चित्र रहेको छ। त्यसको माथिपट्टि मुद्राको अल्पाकार छापिएको छ। मुद्राको अल्पाकार चित्रभन्दा दायाँ कुनामा अंग्रेजी अङ्कमा २० छापिएको छ।

(घ) नोटको बीचको माथिल्लो भागमा "श्री नेपाल राष्ट्र बैङ्क" भन्ने शब्दमुनि "श्री ५ को सरकारको जमानत प्राप्त यसको रूपैयाँ भुक्तान माग्न आएमा नेपाल राष्ट्र बैङ्कबाट रूपैयाँ २० रूपैयाँ बीस तुरुन्त पाइनेछ" भन्ने शब्द छापिएको छ। त्यसभन्दा तल जालिदार बुट्टामा गभर्नर कल्याण विक्रम अधिकारीको दस्तखत छापिएको छ।

(ङ) नोटको बायाँतर्फ माथिल्लो कुनामा नेपाली अङ्कमा २० छापिएको र नोटको तल्लो भागको दायाँ र बायाँ कुनामा नोटको क्रमिक सांकेतिक अक्षर र अङ्कसहितको नम्बर राखिएको छ। यस नोटको क्रमिक नम्बर क/१ ००००01 देखि शुरू हुन्छ।

८. नोटको पछाडिपट्टि–

(१) नोटको मध्य भागमा पहाड, रूख र बुट्यानको पृष्ठभूमिमा घाँसमा उभिएको जरायो (बाह्र सिंगा) को चित्र अंकित छ। त्यसभन्दा माथि नेपाल राष्ट्र बैङ्कको चिन्ह छापिएको छ।

(२) नोटको दायाँतर्फ नेपालको निशाना छाप अंकित छ।

(३) बायाँपट्टि तल्लो कुनामा नेपाली अङ्क २० रूपैयाँ बीस र दायाँपट्टि तल्लो छेउमा RUPEES TWENTY छापिएको छ। दायाँ-पट्टि माथिल्लो कुनामा अंग्रेजी अङ्कमा २० छापिएको छ।

आज्ञाले,

कर्णध्वज अधिकारी

श्री ५ को सरकारको सचिव

३९५

श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।